लोक सेवा आयोग

# काठमाडौं कार्यालय

(परीक्षा शाखा)

अनामनगर, काठमाडौं

☎ ०१-४७७१९८२, ४७७१९८३, ४७७१९८४, वेवसाइटः www.psc.gov.np, इमेलः kathmandu@psc.gov.np


## राजपत्राङ्कित तृतीय श्रेणी (प्राविधिक), इन्जिनियर (हाइड्रोलोजिष्ट) पदको लिखित परीक्षाको परीक्षा भवन कायम गरिएको सूचना

### सूचना नं. १९०।०८२-८३, मिति २०८२।११।२५

लोक सेवा आयोग, केन्द्रीय कार्यालयको विज्ञापन नम्बर १७२५५-१७२५८/०८२-८३ (खुला तथा समावेशी), नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, हाइड्रोलोजी उपसमूह, राजपत्राङ्कित तृतीय श्रेणी (प्राविधिक), इन्जिनियर (हाइड्रोलोजिष्ट) पदमा काठमाडौं परीक्षा केन्द्र राखी दरखास्त स्वीकृत भएका उम्मेदवारहरूको निम्न मिति, समय र परीक्षा भवनहरुमा लिखित परीक्षा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

साथै सहयोगी लेखक आवश्यक पर्ने उम्मेद्वारहरुले सहयोगी लेखक माग गर्नु पर्ने कारण र प्रमाणसहितका कागजातहरु संलग्न राखी लोक सेवा आयोग नियमावली, २०७९ को नियम ६८ (१) बमोजिम परीक्षा सुरु हुने मिति भन्दा १० (दश) दिन अगावै यस कार्यालयमा निवेदन दिनु पर्नेछ। उम्मेदवारहरुले अनिवार्य रूपमा पालना गर्नुपर्ने विषयहरू द्रष्टव्य १ मा तल उल्लेख गरिएको छ।

#### लिखित परीक्षा कार्यक्रम

| पत्र | विषय | खण्ड | परीक्षा प्रणाली | मिति र समय | समय |
|---|---|---|---|---|---|
| प्रथम | General Subject | Part I: (General Awareness & General Reasoning Test)<br>Part II: (General Technical Subject) | वस्तुगत (Objective)<br>बहुवैकल्पिक (MCQs) | २०८२।१२।१२ गते,<br>विहान ९:०० बजे | १ घण्टा ३० मिनेट |
| द्वितीय | Technical Subject | | विषयगत (Subjective) | २०८२।१२।१३ गते,<br>विहान ९:०० बजे | ३ घण्टा |

#### लिखित परीक्षा भवन

| क्र.सं. | उम्मेदवारहरूको रोल नं | संख्या | परीक्षा भवन |
|---|---|---|---|
| १ | ३१०००१ देखि ३१०२०० सम्म | २०० | भाइब्रेन्ट इन्ष्टिच्यूट (क), न्यूप्लाजा, पुतलीसडक |
| २ | ३१०२०१ देखि ३१०३५३ सम्म र पछि स्वीकृत हुने बाँकी सबै साथै परीक्षा केन्द्र परिवर्तन गरी काठमाडौं कायम भएका उम्मेदवारहरु | | भाइब्रेन्ट इन्ष्टिच्यूट (ख), न्यूप्लाजा, पुतलीसडक |

द्रष्टव्य १:-

१. आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुनेछैन।
२. **परीक्षामा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ। साथै वस्तुगत उत्तरपुस्तिकामा सिसाकलम प्रयोग गर्न पाइने छैन।**
३. **वस्तुगत बहुउत्तर (Multiple Choice) भएका प्रश्नको उत्तर लेख्दा अंग्रेजी ठूलो अक्षर (Capital Letter)मा A, B, C, D लेखिएको उत्तरलाई मात्र मान्यता दिइनेछ।**
४. दरखास्त स्वीकृत भएका उम्मेदवारहरुको आयोगको परीक्षा सञ्चालन गर्ने कार्यालयले तोकिएको परीक्षा भवनहरु बाहेक अन्यत्र परीक्षा भवनहरुमा समावेश गराईने छैन।
५. परीक्षा भवनमा झोला, मोवाइल फोन, स्मार्ट वाच र अन्य इलेक्ट्रोनिक डिभाइसहरु लैजान निषेध गरिएको छ। वस्तुगत परीक्षामा क्याल्कुलेटर प्रयोग गर्न पाइने छैन।
६. प्रवेश पत्र विना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित नगराइने हुँदा प्रवेशपत्र अनिवार्य रूपमा साथमा लिई परीक्षा संचालन हुनुभन्दा कम्तीमा १ घण्टा अगावै परीक्षा भवनमा आइपुग्नुपर्नेछ।
७. **परीक्षामा प्रवेश-पत्र सँगै आफ्नो नागरिकता वा नेपाल सरकारबाट जारी भएको फोटो समेतको कुनै परिचयपत्र अनिवार्य रूपमा लिई आउनुपर्नेछ।**
८. सक्रमणजन्य रोगका कारण उम्मेदवारले आफ्नो प्रयोजनका लागि मास्क, स्यानिटाइजर तथा पिउने पानीको व्यवस्था आफै गर्नु पर्नेछ।
९. थप जानकारीको लागि कार्यालयको टेलिफोन नं. ०१-४७७१९८२ मा सम्पर्क गर्न सकिने छ।

| (हरि प्रसाद पौडेल) | (पुष्पराज खनाल) | (चन्द्रकान्त निरौला) |
|---|---|---|
| शाखा अधिकृत | शाखा अधिकृत | उपसचिव |